# अक्टोबर 1 तारिक पछिको कोरोनाबाट बच्ने उपायहरुको बारेमा

BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」को समाप्ती

सामग्री 2

▽ संक्रमणको अवस्था घट्दो स्थितिमा परिणत भएको तथ्यका र देशले मापन गरेको घोषणाको मापदण्डभन्दा तल झरेको आदि कारणले गर्दा **यस महिनाको अन्त्य सम्म म्याद** रहने「**मियागी BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा**」योजना अनुरुप समाप्त हुनेछ ।

→ अर्कोतर्फ, अहिले पनि उल्लेखनीय संख्यामा नयाँ संक्रमण पुष्टि भएको हुनाले,**संक्रमण नियन्त्रण उपायहरू आवश्यक** हुनुका साथै, **भाइरसको नँया भेरिएन्ट पुन: विस्तारको बारेमा चिन्ता भएको** हुनाले, **प्रान्तका नागरिकहरूलाई गरिएको अनुरोध लाई मूल रुपमा निरन्तरता दिइनेछ।**

「BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」मापदण्डहरु

| सरकारले तोकेको मापदण्ड |
|---|
| ①**अस्पतालको बेडको** उपयोग दरसामान्यतया **50%** भन्दा बढी,पछिल्लो जाडो मौसम (6 औं लहर) को उच्च स्थान कटेको<br>②अस्पतालमा भर्ना भएका बिरामीहरूमा सामान्य लक्षणको स्थिति मध्यम भन्दा माथि रहेको |

| **यस प्रान्तको अस्पताल बेडको उपयोग दर** | |
|---|---|
| घोषणाको समयमा (8/5) | पछिल्लो स्थिति (9/28) |
| **50.0%**<br>(269बेड/538बेड) | → **17.9%**<br>(107बेड/597बेड) |

नोट) यस प्रान्तमा गत हिउँदको उच्च चापको समयमा बेड उपयोग दर 44.2% थियो अनि , यस प्रान्तमा अस्पतालमा भर्ना भएका सबै बिरामीहरू लक्षणको स्थिति मध्यम भन्दा माथि थियो

**घोषणा सेप्टेम्बर अन्त्यमा समाप्त**

## अक्टोबर 1 पछिका मुख्य अनुरोधहरू

**प्रान्तका नागरिक लागि**

- ✓आधारभूत संक्रमण नियन्त्रण उपायहरूको पालना गरौं
- ✓संक्रमणको उच्च जोखिम भएका कार्यक्रमहरू आदि मा जान लाई रोक्ने
- ✓प्रारम्भिक खोप लगाउन को लागि प्रोत्साहन
- ✓कोरोना पोजेटिभ सपोर्ट गसेन्टरको उपयोग (संक्रमण दर्ताको लक्षित समुह बाहिरका व्यक्ति)
- ✓आकस्मिक बाहिरंग विभाग, एम्बुलेन्सको उचित प्रयोग गरौं

**व्यवसायीहरुको लागि**

- ✓ अनलाइन वर्क आदिको प्रवर्द्धन
- ✓ संघसंस्थामा गरिने कार्यक्रम आदि मा संक्रमण नियन्त्रण पूर्णपालना
- ✓ उद्योग निर्देशिकाहरुको पालना गर्ने
- ✓ व्यापार निरन्तरता योजना मा आधारित व्यापारको निरन्तरता

# प्रान्तका नागरिकहरु लाई अनुरोधको बिबरण【प्रान्त भित्रका सम्पूर्ण क्षेत्र】

**अक्टोबर 1 तारिक देखि**

- ◯ प्रभावकारी रुपमा कोठामा हावा परिचालन गर्ने, सर्जिकल मास्कको प्रयोग गर्ने, हात,नाडीको सरसफाई आदि प्रान्तका प्रत्येक नागरिकहरुले आधारभूत रुपमा संक्रमण नियन्त्रण उपायहरू पूर्ण रुपमा पालना गरौ
- ◯ नजिकै बाट गरिने कुराकानी आदिमा, परिस्थिति अनुसार सही ढंगले मास्क लगाउने गरौ
- ◯ अन्य प्रान्तहरुमा यात्रा गर्दा आधारभूत रुपका संक्रमण नियन्त्रणका उपायहरूको पूर्ण रुपमा पालन गर्नुका साथै, गन्तव्य स्थान जस्तोकि प्रान्तहरु द्वारा अनुरोध गरिएको संक्रमण नियन्त्रण उपायहरूको पालना गरौ
- ◯ पार्टी तथा खानपिन गरिने कार्यक्रम को बेलामा, लामोसमयसम्म, ठुलो स्वरमा होहल्ला नगर्ने, कुराकारी गर्दा पनि राम्ररी मास्क लगाउने कार्यको पूर्णरुपमा पालना गर्ने आदि「अरुमा सार्ने」「आफुमा सर्ने」कार्य लाई पूर्णता रोक्ने कोशिस गरौ
- ◯ रेस्टुरेन्टहरुको प्रयोग गर्दाको बेलामा, कोरोना मापन प्रमाणीकरण पसल ※आदिको उपयुक्त संक्रमण नियन्त्रणका उपायहरू लागू गरिएको रेस्टुरेन्टहरू आदिको प्रयोग गरि, पसलको नियम अनुसारको संक्रमण रोकथाम उपायहरु पालना गर्नमा सहयोग गरौ

  ※「छनौट गरौ ! छान्न सकिने !!मियागी रेस्टुरेन्ट कोरोना मापन प्रमाणीकरण प्रणाली」को प्रमाणीकरण पसल
- ◯ संक्रमणको बारेमा चिन्ता महसुस गरिरहेको नगरबासीले लक्षण नदेखिए पनि परीक्षण गर्ने गरौ
- ◯ सकेसम्म चाडो भ्याक्सिन लगाउने कुरा
- ◯ अभिभावकले 5-11 वर्ष उमेरका बच्चाहरूलाई खोप लगाउने बारेमा  विचार तथा छलफल गर्ने
- ◯ गृहनगर फर्किंदा या  यात्रा गर्दा वा ठूलो कार्यक्रममा भाग लिँदा, आधारभूत संक्रमण नियन्त्रण उपायहरु कडाइका साथ लागु गर्ने तपाईंले यात्रा गरिरहनुभएको प्रान्त वा कार्यक्रम आयोजकले अनुरोध गरेको संक्रमण नियन्त्रण उपायहरूको पालना गर्ने
- ◯ नियमित रूपमा आफ्नो स्वास्थ्य व्यवस्थापन गर्न प्रयास गर्नुका साथै,ज्वरो,खोकी,घाँटी दुख्ने आदि अलिअलि भएपनि अस्वस्थ महसुस भएको खण्डमा, सँगै बस्ने परिवारका सदस्यहरू सहित, बाहिर घुमफिर, यात्रागर्ने जस्ता कार्यलाई रोकौ
- ◯ संक्रमण दर्ताको लक्षित समुह बाहिरका व्यक्तले कोरोना पोजेटिभ सपोर्ट सेन्टरको उपयोग गर्ने
- ◯ आफु र आफ्नो परिवार को सुरक्षाको लागी, संक्रमणको जोखिम उच्च हुने गतिविधिहरूलाई रोकौ
- ◯ चिकित्सा क्षेत्रमा बढ्दो चापलाइ कम गर्नका लागि,आकस्मिक बाहिरंग सेवा साथै एम्बुलेन्सको उचित प्रयोग गर्ने कार्य गरौ